**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाडौं ।
फोन नं.:+९७७-०१-५९७००३०
टोल फ्रि नं.: १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
Web: www.kamanasewabank.com


# उन्नाइसौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८२ साल असोज ०१ गते, आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका)**

**आदरणीय सेयरधनीमहानुभावहरु,**

यस कामना सेवा विकास बैंकको मिति २०८२/०५/३१ गते बसेको सञ्चालक समितिको ३९९ औं बैठकद्वारा गरिएको निर्णयानुसार यस विकास बैंकको उन्नाइसौं वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण सेयरधनीमहानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

## सभा बस्ने मिति, स्थान र समय

**मिति : २०८२ साल असोज २४ गते शुक्रबार, (तदनुसार १० अक्टोवर, २०२५)**

**स्थान : लिसारा रिसेप्शन, भगवती बाहाल, नक्साल, काठमाडौं**

**समय : बिहान ११:०० बजे**

## छलफलका विषयहरु :

**क. सामान्य प्रस्तावहरु :**

१. आ.व. २०८१/०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक वित्तीय विवरण (आषाढ मसान्त २०८२ को वासलात, आ.व. २०८१/०८२ को नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ को वितरणयोग्य मुनाफाबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. ३,५१,०८,४६,१९५.४० को ५.७८९५ प्रतिशतले हुन आउने रकम रु. २०,३२,६०,४४०.४८ (अक्षरेपी बिस करोड बत्तिस लाख साठी हजार चार सय चालिस रुपैयाँ र अठचालीस पैसा मात्र) नगद लाभांश (बोनस सेयर र नगद लाभांसमा लाग्ने कर प्रयोजनको लागि समेत) वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थापक सेयरधनीहरुको तर्फबाट ३ (तिन) जना र सर्वसाधारण सेयरधनीहरुको तर्फबाट ३ (तिन) जना गरी जम्मा ६ (छ) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु:**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८१/०८२ को मुनाफा समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. ३,५१,०८,४६,१९५.४० को १० प्रतिशतका दरले हुने रकम रु. ३५,१०,८४,६१९.५४ (अक्षरेपी पैंतिस करोड दश लाख चौरासी हजार छ सय उन्नाईस रुपैयाँ र चवन्न पैसा मात्र) बराबरको बोनस सेयर वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

२. विशेष प्रस्ताव नं. १ पारित भए अनुसार हुने गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधा समयसापेक्ष वृद्धि गर्न आवश्यक रहेको हुँदा सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिमको संशोधित बैठक भत्ता तथा अन्य सुविधा सम्बन्धी प्रस्ताव पारित गर्ने र सो प्रस्ताव पारित भएमा आवश्यक भए बैंकको नियमावलीमा संशोधन सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४. विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनका सम्बन्धमा कुनै नियमनकारी निकायहरुबाट कुनै विषय, शर्तहरु लगायतका संशोधन/फेर बदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार थपघट, परिमार्जन, संशोधन, भाषागत लगायत अन्य सुधार समेतका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**ग. विविध :**

## साधारणसभा सम्बन्धी थप संक्षिप्त जानकारी

१. यस उन्नाइसौं वार्षिक साधारणसभा प्रयोजनको लागि विकास बैंकको सेयरधनीदर्ता पुस्तिका मिति २०८२/०६/०८ गते एक दिन बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०६/०७ गते सम्म कारोबार भई प्रचलित नियम अनुसार विकास बैंकको सेयर रजिष्ट्रार प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौंमा प्राप्त विवरणको आधारमा तथा हितग्राही खातामा कायम भएका सेयरधनीहरुले मात्र उक्त साधारणसभामा भाग लिन र मतदान गर्न पाउने छन् । नेपाल स्टक एक्सचेञ्जमा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को Pool Account मा रहेको सेयरका आधारमा सेयरधनी कायम नहुने भएकाले उल्लेखित मिति भित्र सेयरधनीको खातामा सेयर समावेश गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीहरुलाई अनुरोध गरिन्छ ।

२. सेयरधनी महानुभावहरुलाई विकास बैंकको सेयरधनी लगतमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाईने छ । साथै, उक्त पुस्तिका प्राप्त हुन नसकेमा यस बैंकको वेबसाइट मार्फत प्राप्त गर्न सक्नुहुनेछ ।

३. नावालक वा होस ठेगानमा नरहेको सेयरधनीको तर्फवाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न र प्रतिनिधि नियुक्त गर्न समेत सक्नुहुनेछ । सेयरवालाको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ । संयुक्त रुपमा सेयर खरिद गर्ने सेयरधनीको हकमा सेयर लगतमा जसको नाम पहिला उल्लेख गरिएको छ, सो व्यक्ति वा संयुक्त सेयरधनीको सर्वसहमतिबाट आफूहरुमध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नुहुनेछ ।

४. साधारणसभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने सेयरधनीहरुले प्रचलित कम्पनी ऐनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै विकास बैंकको केन्द्रीय कार्यालय, काठमाडौं ३०, ज्ञानेश्वरमा दर्ता गरी सक्नु पर्नेछ । विकास बैंकको सेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो सेयर विभाजन गरी तथा अन्य कुनै किसिमवाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।
तर, प्रतिनिधि नियुक्त गर्ने सेयरधनीले आफूले अगाडि दिएको प्रतिनिधी (प्रोक्सी) बदर गरेको स्पष्ट उल्लेख गरी निवेदन दिई अर्को सेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् । यस्तो अवस्थामा अधिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको सेयरधनी आफै सभामा उपस्थित भई तोकिएको समय भित्र हाजिरी किताबमा दस्तखत गरी सभामा भाग लिएमा अगाडि दिएको प्रोक्सी स्वतः बदर भएको मानिनेछ ।

६. यस विकास बैंकको सेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले विकास बैंकको कुनै अर्को सेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछ । त्यसरी प्रतिनिधी (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले सेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछन् ।

७. साधारणसभामा भाग लिने प्रत्येक सेयरधनीमहानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । साधारणसभाको हाजिरी पुस्तिका सोही दिन १०:३० बजेदेखि खुल्ला रहनेछ । साथै, सभामा भाग लिन ईच्छुक सेयरधनी महानुभावहरुलाई आफ्नो आधिकारिक परिचयपत्र सहित सेयरधनी नम्बर वा अभौतिकीकरण गरिसकेको सेयरको हकमा BOID (हितग्राही परिचय नम्बर) प्रस्तुत गर्नुहुन अनुरोध छ ।

८. विविध शीर्षक अर्न्तगत सेयरधनी महानुभावले विकास बैंकको सम्बन्धमा तोकिएको प्रस्ताव बाहेक अन्य कुनै विषयमा छलफल, टिप्पणी, राय वा सुझाव राख्न आवश्यक ठानेमा सेयरधनी महानुभावहरुले आफूले प्रस्तुत गर्न चाहेको विषयबारे सभा हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै कार्यालय समयभित्र लिखित रुपमा विकास बैंकको केन्द्रीय कार्यालयमा जानकारी दिनुपर्नेछ । यसरी पूर्व जानकारी नगराएको विषयमा सभामा छलफल तथा निर्णय गरिने छैन ।

९. सञ्चालकहरुको निर्वाचन कार्यका लागि निर्वाचन अधिकृतको कार्यालय बैंकको का.जि., का.म.न.पा., वडा नं. ३० ज्ञानेश्वर स्थित केन्द्रिय कार्यालयमा रहनेछ ।

१०. सञ्चालक पदको लागि उम्मेदवार हुन चाहने सेयरधनीले बैंकले जारी गरेको सेयर मध्ये धितो बन्धक लगायत कुनै पनि प्रकारको अधिभार (encumberence) नरहेको, आफू जुन समूहको (सर्वसाधारण वा संस्थापक) प्रतिनिधित्व गर्दै सञ्चालक पदको लागि उम्मेदवार हुन चाहेको हो सोहि समूहको कम्तीमा १०० कित्ता शेयर आफ्नो नाममा ग्रहण गरेको हुनुको अलावा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन, २०६३, अन्य प्रचलित कानून तथा बैंकको सञ्चालक निर्वाचन कार्यविधि सम्बन्धी निर्देशिका, २०८२ बमोजिम योग्य हुनुपर्नेछ । तर संगठित संस्थाले बैंकको सेयर लिएकोमा त्यस्तो सेयरधनीहरुको तर्फबाट सञ्चालक पदको लागि उम्मेदवार हुनेले व्यक्तिगत रुपमा बैंकको सेयर लिएको हुन जरुरी हुने छैन, तर निज जुन संगठित संस्थाको तर्फबाट उम्मेदवार हुने हो सो संस्थाबाट लिखित अधिकार लिएको हुनुपर्नेछ ।

११. निर्वाचन सम्बन्धी अन्य कार्यहरु बैंकको स्वीकृत सञ्चालक निर्वाचन सम्बन्धी निर्देशीका-२०८२, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३ तथा अन्य प्रचलित ऐन/कानून बमोजिम हुनेछ ।

१२. साधारणसभा सम्बन्धी अन्य थप जानकारी तथा वार्षिक प्रतिवेदनको लागि विकास बैंकको केन्द्रीय कार्यालयको टोल फ्री नं. १६६००११३००० र फोन नं. ०१-५९७००३० मा सम्पर्क गर्नुहुन वा वार्षिक प्रतिवेदन उपलब्ध हुन नसकेको खण्डमा विकास बैंकको वेवसाइट www.kamanasewabank.com हेर्नुहुन वा काठमाडौं ३०, ज्ञानेश्वर स्थित विकास बैंकको केन्द्रीय कार्यालयमा, कार्यालय समयभित्र सम्पर्क राख्नुहुन अनुरोध छ ।

....................................

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**